नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
विकास सहायता समन्वय शाखा
फोन { ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः- ०८१/०८२
चलानी नं.:- ६८

मितिः- २०८१/५/२०
नेपाल सम्वत् ११४४ जलाथ्व २, बिहीबार

श्री स्थानीय तह,
(दार्चुला, बझाङ, हुम्ला, मुगु, डोल्पा, मुस्ताङ, मनाङ, गोरखा, धादिङ, रसुवा, सिन्धुपाल्चोक, दोलखा, सोलुखुम्बु, संखुवासभा, ताप्लेजुङ जिल्लाका सबै)।

विषयः- **MoU on Projects Aid to Nepal अन्तर्गत स्थानीय तहहरूले आयोजना प्रस्ताव पेश गर्ने सम्बन्धमा।**

प्रस्तुत विषयमा जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र सिजाङ (तिब्बत) को सहयोगमा कार्यान्वयन हुने Projects Aid to Nepal कार्यक्रम अन्तर्गत जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र तिब्बतसँग सिमाना जोडिएका नेपालका तपसिलबमोजिमका जिल्लाका स्थानीय तहहरूले संविधान तथा प्रचलित कानूनले प्रदान गरेको अधिकारक्षेत्रको अधीनमा रही यसैसाथ संलग्न माग फाराम भरी देहायबमोजिम आयोजना प्रस्ताव पेश गर्नुपर्ने व्यवस्था गरिएको व्यहोरा मिति २०८१/५/११ को निर्णय (मन्त्रिस्तरीय) अनुसार अनुरोध छ।

**१. Projects Aid to Nepal अन्तर्गत पेश गर्न सकिने आयोजनाको क्षेत्र/विषयः**

**१.१ पूर्वाधार विकाससम्बन्धी आयोजना**

- विद्यालय भवन, छात्रावास, पुस्तकालय
- अस्पताल, स्वास्थ्य चौकी, रक्त सञ्चार केन्द्र र प्रसूति केन्द्र (Birthing Center)
- फोहोरमैला प्रशोधन केन्द्र
- खानेपानी आयोजना
- सिँचाई पूर्वाधार तथा नदी नियन्त्रण
- कृषि पूर्वाधार निर्माण, शीतभण्डार, कृषि उपज प्रवर्द्धन केन्द्र
- चिलिङ्ग केन्द्र (Chilling Center), डेरी उद्यम
- फलफुल तथा जडिबुटी भण्डारण तथा प्रशोधन केन्द्र
- पर्यटन पूर्वाधार विकास (सांस्कृतिक सङ्ग्राहलय, पदयात्रा मार्ग तथा पर्यटकीय पूर्वाधार विकास)
- नेपाल सरकारको प्राथमिकता र कार्यक्रममा रहेका अन्य आयोजनाहरू।

नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

विकास सहायता समन्वय शाखा

पत्र संख्या:-

चलानी नं.:-

१.२ क्षमता विकाससम्बन्धी

(क) सीप विकास

(ख) तालिम, अध्ययन तथा अवलोकन भ्रमण।

१.३ वस्तुगत सहायता

- निर्माणमुखी उपकरण
- कृषि उपकरण तथा औजार
- स्वास्थ्य उपकरण
- आफ्नो विशिष्ट भौगोलिक विशेषताका कारण नेपालका स्थानीय तहबाट माग भएका सामग्रीहरू।

तपसिल

१. दार्चुला २. बझाङ ३. हुम्ला ४. मुगु ५. डोल्पा ६. मुस्ताङ ७. मनाङ ८. गोरखा ९. धादिङ १०. रसुवा ११. सिन्धुपाल्चोक १२. दोलखा १३. सोलुखुम्बु १४. संखुवासभा १५. ताप्लेजुङ

(संजय अधिकारी)
शाखा अधिकृत

बोधार्थ:-

**श्री सूचना तथा प्रविधि शाखा** - सम्बन्धित स्थानीय तहमा इमेलमार्फत् पत्राचार गर्ने व्यवस्था गरिदिनु हुन तथा मन्त्रालयको वेबसाइटमा सूचना प्रकाशन गरिदिनु हुन।

नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
विकास सहायता समन्वय शाखा

फोन { ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः-

चलानी नं.:-

Projects Aid to Nepal को आयोजना माग फाराम

मितिः-

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

विषयः- Projects Aid to Nepal कार्यक्रम अन्तर्गत आयोजना माग गरिएको सम्बन्धमा।

यस ............................. गाउँपालिका/नगरपालिकाको मिति .................. को गाउँ/नगर कार्यपालिकाको बैठक नं. ........... को निर्णयबाट "MoU on Projects Aid to Nepal को कार्यान्वयन ढाँचा" को अधीनमा रही तपसिलका आयोजनाहरूको माग फाराम पेश गरेका छौं।

आयोजनासम्बन्धी विवरणः-

क) पूर्वाधार विकाससम्बन्धी आयोजनाको हकमाः-

१. आयोजनाको नामः-

२. आयोजना स्थलः-

३. आयोजना निर्माणस्थलमा सडक, खानेपानी र विद्युतको पहुँचको अवस्थाः- छ/छैन

४. प्रस्तावित आयोजनाबाट प्रत्यक्षरूपमा लाभान्वित हुने घरधुरी संख्या र जनसंख्याः-

५. आयोजनाको अनुमानित लागत (रु.):-

६. प्रस्तावित आयोजनाले अन्य कार्यक्रमसँग परिपुरकता कायम गर्छ गर्दैनः-

७. प्रस्तावित आयोजना सम्बन्धित गाउँपालिका/नगरपालिकाको नीति, आवधिक विकास योजना वा विषयक्षेत्रगत योजनाको प्राथमिकतामा परेको छ छैनः-

८. गाउँपालिका/नगरपालिकाको वार्षिक आन्तरिक आय (गत आर्थिक वर्षको यथार्थ) रु.:-

संलग्न कागजात

१. जग्गाको ट्रेस नक्सा र भोगाधिकारको प्रमाण

२. लागत अनुमान

३. गाउँ/नगर कार्यपालिकाको निर्णयको प्रति

नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
विकास सहायता समन्वय शाखा

फोन { ४२००५०५ ४२००२९९ ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः-

चलानी नं.:-

(दस्तखत)
(नाम)
प्रमुख कार्यकारी अधिकृत
गाउँपालिका/नगरपालिका

(दस्तखत)
(नाम)
अध्यक्ष/प्रमुख
गाउँपालिका/नगरपालिका

ख) वस्तुगत सहायतासम्बन्धी आयोजनाको हकमाः-

१. वस्तुगत सहायताको नामः-

२. वस्तुको प्रकृतिः-

(क) शैक्षिक

(ख) स्वास्थ्य

(ग) ऊर्जा

(घ) कृषि

(ङ) निर्माणसम्बन्धी उपकरण

(च) सूचना प्रविधि

(छ) दैनिक उपभोग्य सामग्री

३. वस्तुगत सहायताको परिमाणः (संख्या/वटा/थान/के.जी./...):-

४. अनुमानित लागत (रु.):-

५. वस्तुगत सहायता वितरण गरिने स्थानः- वडा नं. ........ टोल/गाउँ

६. वस्तुगत सहायताबाट लाभान्वित हुने घरपरिवार संख्याः-

७. वस्तुगत सहायता बुझिलिने ठाउँ/बिन्दुको नामः-

(दस्तखत)
(नाम)
प्रमुख कार्यकारी अधिकृत
गाउँपालिका/नगरपालिका

(दस्तखत)
(नाम)
अध्यक्ष/प्रमुख
गाउँपालिका/नगरपालिका